## "भै.लु.भू.ज. बोरिंगको बिधुत चार्जमा अनुदान कार्यक्रम संचालन सम्बन्धि नर्मस २०८०"

सियारी गाउँपालिकाको प्रमुख आय श्रोत भनेको पशुपालन तथा कृषि कार्य हो । कृषि कार्य तथा माछापालनको लागि आवश्यक पर्ने सिचाईका लागि यस गाउँपालिका अन्तर्गत भैरहवा लुम्बिनी भूमिगत जल परियोजना अन्तर्गतका पम्पहरु बाट प्राकृतिक कुलो नहर नहुने ठाउँमा सिचाई सुबिधा प्राप्त भईरहेको छ । कृषकहरुको उत्पादन बृद्धी तथा उत्पादन लागत घटाई कृषकहरुलाई कृषि क्षेत्रमा कायम राख्र र बढी मुनाफा प्राप्त गराउनको लागि सियारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हर्नैया, रुपन्देहीले आ.व. २०८०/०८१ को लागि भै.लु.भू.ज. बोरिंगको बिधुत चार्जमा अनुदान कार्यक्रम संचालनमा ल्याएको हो । यो कार्यक्रम तपसिल अनुसारको नर्मसको अधिनमा रही संचालन हुनेछ ।

तपसिल

1. यो नर्मस आ.व. २०८०/०८१ को लागि मान्य हुनेछ ।
2. यो कार्यक्रममा सियारी गाउँपालिका अन्तरगत रहेका भैरहवा लुम्बिनी भूमिगत जल परियोजना अन्तर्गतका जल उपभोक्ता समितिहरु सहभागी हुन् पाउनेछन ।
3. यो कार्यक्रममा समाबेस हुन गाउँपालिकामा सुचिकृत गर्नुपर्ने छैन ।
4. यस कार्यक्रम अन्तर्गत समाबेस जल उपभोक्ता समितिलाई मासिक रुपमा भुक्तानी सियारी गाउँपालिकाबाट संस्थाको बैंक खातामा गरिनेछ ।
5. यस कार्यक्रमबाट जल उपभोक्ता समितिले अनुदान भुक्तानी लिनको लागि तपसिल अनुसारका कागजात पेश गर्नुपर्नेछ ।
   - अनुदान प्राप्तिको लागि जलउपभोक्ता समितिको लेटरप्याडमा भुक्तानी मागको निबेदन ।
   - अनुदान प्राप्तिको लागि जलउपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपि ।
   - सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिसको पत्र ।
   - बिजुलीको बिल तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।
   - तोकिएको फर्मेट अनुसारको सेवा प्राप्त गर्ने कृषकहरुको प्रमाणित विवरण ।
   - सम्बन्धित जल उपभोक्ता समितिको बैंक खाताको विवरण वा चेकको प्रतिलिपि ।
6. बुदा न. ५ मा उल्लेख भएका कागजात हरु पेश भए पछी सियारी गाउँपालिकाबाट जल उपभोक्ता समितिको खातामा समितिले बिधुत बापत भुक्तानी गरेको रकमको ७५(पचहत्तर) प्रतिसत रकम भुक्तानी हुनेछ ।
7. आ.व०८०/०८१ को श्रावण १ देखि भएका कार्यहरु यसै नर्मस अनुसार भएको मानिनेछ ।